प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड
प्रधान कार्यालय,कमलादी, काठमाडौ
फोन :०१-५३५२०१२, info@pmlil.com

# आठौं वार्षिक साधारण सभाको निर्णय (माइन्यूट)

## १. सभाको वैधानिकता र सभा सञ्चालन :

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०८२।०१।३० गते बसेको २४ औं बैठकको निर्णयानुसार आव्हान गरिएको यस कम्पनीको आठौं वार्षिक साधारण सभा आज मिति २०८२ साल जेष्ठ २६ गते सोमबार, तदनुसार ०९ जुन, २०२५ तारिखको दिन काठमाण्डौं,नक्साल, भाटभटेनीमा अवस्थित आम्रपाली ब्याङक्वेटमा सञ्चालक समितिका अध्यक्ष श्री शिक्षा भट्टचनज्यूको सभापतित्वमा बस्यो । पूर्व निर्धारित विषयहरु उपर छलफल तथा निर्णय गर्न विहान ११:०० बजेबाट शुरु भएको साधारण सभा दिउँसो २:०० बजेसम्ममा देहाय बमोजिमको काम-कारवाहीहरु सम्पन्न भयो । सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना पठाईएको, कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको ५१ दशमलव ७७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ६४६ जना स्वयम् र १४ जना प्रतिनिधित्व गर्दै उपस्थित हुनु भएकोले कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा कम्पनीको नियमावलीको नियम ५ बमोजिम गणपुरक संख्या पुगेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम उपस्थित शेयरधनीहरुले साधारण सभा वैधानिक भएको यकिन गरे पश्चात् कम्पनी सचिवले सभा वैधानिक भएको कुरा अवगत गराउनु भयो ।

## २. सभाको सूचना :

यस प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको मिति २०८२।०१।३० मा बसेको सञ्चालक समितिको २४ औ बैठकको निर्णयानुसार आठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२)बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितीको लागि प्रथम पटक मिति २०८२-०२-०२ गते आर्थिक राष्ट्रिय दैनिकमा र दोस्रो पटक मिति २०८२-०२-१२ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा साथै कम्पनीको वेभ साइट (https://www.pmlil.com) प्रकाशित गरिएको थियो । सभामा उपस्थितिको लागि नियमनकारी निकायहरु श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल बीमा प्राधिकरण, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड तथा कम्पनीका पूर्व अध्यक्ष तथा पूर्व संचालकज्यूहरुलाई पत्र मार्फत आमन्त्रण गरिएको थियो । शेयरधनी महानुभावहरुलाई कम्पनीको आठौं बार्षिक प्रतिवेदन प्रधान कार्यालयबाट उपल्बध गराइएको थियो साथै कम्पनीको वेभ साइट(

प्रधान कार्यालय: कमलादी, काठमाण्डौ

https://www.pmlil.com) मा समेत राखिएको थियो र आठौं साधारण सभामा उपस्थित शेयरधनीहरुले प्राप्त गर्ने गरी हाजिर पुस्तिका राखिएको स्थानबाट समेत वितरण गरिएको थियो ।

**सभाको मिति, स्थान र समय :**

**मिति** : २०८२ साल जेष्ठ २६ गते सोमबार ( तदनुसार ०९ जुन, २०२५)

**स्थान** : आम्रपाली ब्याङक्वेट, भाटभटेनी,नक्साल, काठमाण्डौं

**समय** : बिहान ११:०० बजे ।

**३. छलफलका विषयहरु:**

**१. साधारण प्रस्ताव**

**क.** अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

**ख.** लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु पारित गर्ने ।

**ग.** कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम आ.ब.२०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्वन्धमा ।

**घ.** संचालकहरुको नियुक्ति अनुमोदन गर्ने ।

**ङ.** प्रबन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरूले फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पुर्ण अख्तियारी प्रदान गर्ने ।

**२. विशेष प्रस्ताव :**

**क.** आ.व.२०८०/८१ को संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पुँजीको ८ प्रतिशतका दरले हुन आउने रकम बराबरको बोनस शेयर वितरण गर्ने तथा सो बापतको हुन आउने कर प्रयोजनको ( कर लाग्ने भएमा) निमित्त ०.४२१ प्रतिशत को नगद लाभांश पारित गर्ने ।

प्रधान कार्यालय: कमलादी, काठमाण्डौं

ख. सातौं वार्षिक साधारण सभाबाट चुक्ता पूँजीको ७ प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय भएकोमा प्रस्तावित बोनस शेयर वितरण पश्चात नियामक निकायले तोकेको चुक्ता पूँजी कायम हुने भएकोले उक्त निर्णय रद्द गर्ने प्रस्ताव पारित गर्ने ।

ग. बोनश शेयर जारी पश्चात हुन आउने रु. ५,१०,३६,४८,००० बराबर चुक्ता पुँजी कायम गर्ने तथा सोही अनुसार प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

घ. कम्पनी ऐनको दफा १०५ (१) (ग) मा भएको व्यवस्था बमोजीम संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत खर्च भएको अनुमोदन गर्ने ।

३. विविध

४. सभामा उपस्थिति :

(क) सञ्चालकहरुको उपस्थिति :

साधारण सभामा देहाय बमोजिममा संचालकज्यूहरुको उपस्थिति रहेको थियो ।

| | |
|---|---|
| (१) श्री शिक्षा भट्टचन | अध्यक्ष (संस्थापक) |
| (२) श्री विरेन्द्र जंग पाण्डे | सञ्चालक(संस्थापक) |
| (३) श्री सम्झना अर्याल | सञ्चालक (संस्थापक) |
| (४) श्री सुसन शेरचन | सञ्चालक (संस्थापक) |
| (५) श्री ज्योती शेरचन | सञ्चालक (स्वतन्त्र) |

(ख) व्यवस्थापनबाट उपस्थीति

साधारण सभामा कम्पनी व्यवस्थापनका देहाय बमोजिममा पदाधिकारीज्यूहरुको उपस्थिति रहेको थियो ।

| | |
|---|---|
| (१) श्री सन्तोष प्रसाई | प्रमुख कार्यकारी अधिकृत |
| (२) श्री किशोर प्रसाद लामिछाने | नायव प्रमुख कार्यकारी अधिकृत एवम् कम्पनी सचिव |
| (३) श्री सोन बहादुर आले मगर | नायब महा प्रबन्धक |
| (४) श्री नमश देउजा | सहायक महा प्रबन्धक |
| (५) श्री टिक दत्त प्याकुरेल | सहायक महा प्रबन्धक |

प्रधान कार्यालय: कमलादी, काठमाण्डौं

(६) श्री प्रभात सिवाकोटी — मुख्य व्यवस्थापक

(७) श्री लेखनाथ गौतम — प्रमुख वित्तिय अधिकृत

(८) श्री कपिल आचार्य — प्रमुख आन्तरीक नियन्त्रक तथा परिपालन अधिकृत

(ग) **पर्यवेक्षक/प्रतिनिधीहरुको उपस्थिति :**

(१) श्री वेद प्रसाद खतिवडा (साहयक रजिस्ट्रार) श्री कम्पनी रजिस्ट्रारको कार्यालय,त्रिपुरेश्वर काठमाण्डौं ।

५. **गणपुरक संख्या प्रतिशत :**

| | |
|---|---|
| जम्मा शेयरधनी संख्या | ३,२८,५९० जना |
| प्रतिनिधित्व भएको शेयरधनीहरुको संख्या | ६६० जना |
| स्वयम् उपस्थित शेयरधनीहरुको संख्या | ६४६ |
| आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित शेयरधनीहरु | १४ |
| प्रोक्सी द्वारा प्रतिनिधित्व भएको शेयर संख्या | १,५६,००,७४३ |
| कुल प्रतिनिधित्व भएको शेयर संख्या | २,४४,६८,३३८ |
| शेयरधनीहरुले प्रतिनिधित्व गरेको शेयरको प्रतिशत | ५१.७७ |

६. **सभाको सञ्चालन :**

(क) कम्पनीका नायव प्रमुख कार्यकारी अधिकृत एवम् कम्पनी सचिव श्री किशोर प्रसाद लामिछानेले सभालाई वैधानिकता प्रदान गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) तथा कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम साधारण सभाको सभापतित्व गर्न सञ्चालक समितिका अध्यक्ष शिक्षा भट्टचनज्यूलाई आग्रह गरे पश्चात कम्पनीका अध्यक्षज्यूले सभाको अध्यक्षता गर्नुभयो । साथै मञ्चमा आसिन सञ्चालक समितिका अन्य सञ्चालकज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, कम्पनीका पदाधिकारीहरु सवैलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गरिदिनुहुन कम्पनी सचिवले अनुरोध गर्नुभयो । सभाका अध्यक्षज्यूले तत् पश्चात् पूर्व निर्धारित विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि साधारण सभा सञ्चालन गर्न कम्पनी सचिव श्री किशोर प्रसाद लामिछानेलाई अनुमति प्रदान गर्नु भयो ।

७. **सभामा प्रस्तावहरुको प्रस्तुति :**

**क)** सभाको काम कारवाही अगाडी वढाउने क्रममा सभाका अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो ।

प्रधान कार्यालयः कमलादी, काठमाण्डौं

ख) सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनीका कम्पनी सचिवज्यूले साधारण सभामा छलफलको विषयसूचि अन्तर्गत सामान्य र विशेष प्रस्तावहरु प्रस्तुत गरी सञ्चालक समितिको आठौं बार्षिक प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ अषाढ मसान्तसम्मको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण तथा अनुसूचिहरु लगायतका अन्य वित्तिय विवरणहरु र एजेण्डाहरु माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव, एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो ।

## ८. शेयरधनीहरुबाट सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवम् मन्तव्य

क) अध्यक्षज्यूबाट मन्तव्यको प्रस्तुती पश्चात् संचालक समितिको प्रतिवेदन लगायतका सम्बन्धमा छलफलका लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दा तपसिलमा उल्लेखित शेयरधनी महानुभावहरुले प्रत्यक्ष रुपमा मञ्चमा बोलेर र केहीले पत्र मार्फत छलफलमा सहभागि भई निम्नबमोजिम जिज्ञासा, सुझाव एवम् मन्तव्य व्यक्त गर्नुभयो ।

**शेयरधनीहरुको नाम**

१) श्री शत्रुध्न प्रसाद श्रेष्ठ
२) श्री सुदिप श्रेष्ठ
३) श्री उद्धव घिमिरे
४) श्री गुणाकर भट्ट
५) श्री धुव्र राज न्यौपान
६) श्री ब्रम्हदेव शाक्य
७) श्री चन्द्र नारायण श्रेष्ठ
८) श्री रोज कुमार श्रेष्ठ
९) श्री भेष राज भण्डारी
१०) श्री लक्ष्मण बहादुर श्रेष्ठ
११) श्री युगल बसेल
१२) श्री राम गोपाल महर्जनन
१३) श्री जगन्नाथ आर्चाय
१४) श्री बैजूनाथ रौनियार
१५) श्री नरसिंह लाल चंखू
१६) श्री उत्तम दत्त पाण्डे

ख) **शेयरधनीहरुबाट सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवम् मन्तव्यहरुको साराशं :**

शेयरधनी वक्ताहरुले कम्पनीले ८ प्रतिशत बोनस शेयर तथा कर प्रयोजनका लागि ०.४२१ प्रतिशत नगद लाभाशंका दिए सँग नियमनकारी श्री नेपाल बीमा प्राधिकरणको व्यवस्था बमोजिम ५ अर्ब चुक्ता पूँजी पुर्‍याएकोमा कम्पनीका अध्यक्षज्यू, संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी

प्रधान कार्यालय: कमलादी, काठमाण्डौ

सचिवज्यू, व्यवस्थापन समूह तथा कर्मचारीहरु प्रति धन्यवाद तथा बधाई व्यक्त गर्नुभयो । साथै शेयरधनीहरुले कम्पनीले अगामि बर्षहरुमा यो भन्दा बढि लाभांश दिने अपेक्षा रहेको भन्ने भनाई व्यक्त गर्नुभयो । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको खर्चको प्रशंशा समेत गर्नुभयो ।

कम्पनीको खुद नाफा अघिल्लो वर्षभन्दा तुलनात्मक रुपमा वृद्धि भएकोमा समेत वक्ताहरुले धन्यवाद व्यक्त गर्दै आगामी वर्षहरुमा सो उत्साह कायम राख्न सुझाव दिनुभयो ।

कम्पनीले नियमनकारी निकायले तोकेको पूँजी हकप्रद शेयर जारी गरी पुऱ्याउने घोषण गरेता पनि यस आर्थिक बर्ष ०८०/०८१ को संचित मुनाफबाटै पुऱ्याएकोमा कम्पनीलाई धन्यवाद व्यक्त गर्नुभयो ।

संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत गरेको खर्चहरुको समेत प्रशंसा गर्नुभयो विशेषगरी फेवा तालमा डुङ्गा सयर गर्ने पर्यटकहरुको जीवन सुरक्षाको लागि लाइफ ज्याकेट वितरण गरेकोमा कम्पनीलाई धन्यवाद व्यक्त गर्नुभयो ।

कम्पनीको कर्मचारी तथा अभिकर्ताहरु कम्पनीको मेरुदण्ड भएकोले कम्पनीका अभिकर्ताहरुलाई समय-समयमा क्षमता अभिबुद्धी सम्बन्धी तालिम दिनुपर्ने साथै कर्मचारीहरुलाई पनि बेलाबेलामा तालिम दिनुपर्ने जस्ता सुझावहरु दिनुभयो ।

कम्पनीको वार्षिक साधारण सभा गर्न केही ढिलाई भएकोमा सोको कारण प्रति प्रश्न गर्नुभयो । साथै आगामि बर्षको साधारण सभा समयमानै गर्न सुझाव समेत व्यक्त गर्नुभयो । समस्त बीमा क्षेत्रमा नै पोलिसी समर्पणको संख्या उच्च रहेकोमा सो प्रति कम्पनीको ध्यानाकर्षण हुनुपर्ने, साथै कम्पनीले बीमालेख समर्पणको संख्या घटाउने रणनीति बनाउने पर्ने भनाई समेत व्यक्त गर्नुभयो । जिवन बीमा तर्फ नक्कली मृत्यू दाबी बीमा क्रम बढ्दो रहेकोले सो सम्बन्धमा समेत कम्पनीको ध्यानआकर्षण रहोस भन्ने सुझाव दिनुभयो ।

शेयरधनीवक्ताहरुले कम्पनीको नारा "Dare to Dream Big " तथा "ढुक ढुक हैन, ढुक्क होऔं, प्रभु महालक्ष्मीबाटै जीवन बीमा गरौं" भन्ने नारा अत्यन्तै उत्कृष्ट भएको भनि प्रशंसा गर्दै कम्पनीले सोहि नारा बमोजिम व्यपार बृद्धी गर्न समेत सुझाव व्यक्त गर्नुभयो ।

कम्पनीले आफ्नो कार्यहरुलाई सकेसम्म डिजिटलाइज बनाउनदै लग्न , ग्राहकमैत्रि कार्यहरु गर्न समेत सुझाव व्यक्त गर्नुभयो ।

त्यसैगरी शेयरधनीहरुले कम्पनीले शेयरमा गर्न लगानीमा विशेष ध्यान दिइ समयमा मुनाफा संचित (Profit Book ) गर्ने कार्य गर्नहुन सुझाव व्यक्त गर्नुभयो । साथै शेयरधनीहरुले बार्षिक प्रतिवेदनमा नेपालको नक्सा राख्न समेत सुझाव व्यक्त गर्नुभयो ।

प्रधान कार्यालयः कमलादी, काठमाण्डौ

शेयरधनीहरुले कम्पनीको CSR कार्यविधि तयार भए नभएको , प्राइभेट इक्वटीमा कम्पनीमा धेरै लगानि किन भएको भन्ने जिज्ञासा व्यक्त गर्नुभयो ।

त्यसैगरी २५ हजार अभिकर्ता रहेकोमा के कति अभिकर्ताहरु सक्रिय छन सोबारे समेत जिज्ञासा राख्नुभयो ।

९ सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवम् मन्तव्य उपर अध्यक्षज्यूको जवाफ :

सभामा वक्ता शेयरधनीहरुबाट आएका प्रतिक्रियाको सम्बन्धमा सम्बोधन कम्पनीका अध्यक्ष श्री शिक्षा भट्टचन ले गर्नुभयो । सो क्रममा कम्पनीको वित्तीय अवस्था स्वस्थ्य रहेको र कम्पनीले आगामी आर्थिक वर्षहरुमा यस वर्षको भन्दा अझ आकर्षक प्रतिफल दिन प्रयासरत रहेको जानकारी गराउनुभयो । त्यसैगरी शेयरधनीहरुले उठाउनु भएको लगानीको प्रतिफल सम्बन्धी जिज्ञासामा यस तर्फ विशेष ध्यान दिई समयमा मुनाफा सुनिश्चित (Profit Book) गर्ने व्यहोरा सभालाई जानकारी गराउनु भयो । त्यसमा पनि कम्पनी बिशेष ध्यानकार्षण भएको र सोही बमोजिम गर्दै आएको व्यहोरा सभालाई जानकारी गराउनु भयो । त्यसैगरी कम्पनीको बीमाङ्की मूल्यांकन भारत बाट हुने हुँदा सधारण सभा ढिलो भएको तर कम्पनीले आगामि साधारण सभाहरु समयमा नै गर्न प्रयासरत रहने समेत सभालाई जानकारी जानकारी गराउनु भयो । साथै अध्यक्षज्यूले कम्पनीको व्यपार बृद्धीमा शेयरधनीहरुको समेत योग्दान हुने हुँदा सम्पूर्ण शेयरधनी तथा निजको आफन्तहरुलाई समेत प्रभु महालक्ष्मी लाइफ बाट जिवन बीमा गर्न अनुरोध गराँउदै वक्ता शेयरधनीहरुबाट प्राप्त सल्लाह, सुझाव तथा मार्गदर्शनका लागि धन्यवाद व्यक्त गर्दै शेयरधनीहरुबाट प्राप्त सल्लाह, सुझाव तथा मार्गदर्शनहरुलाई आत्मसात् गर्दै कम्पनी अघि बढ्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । त्यसैगरी CSR सम्बन्धी कार्यविधि तयार भई सकेको, अहिलेको आर्थिक परीस्थितिले गर्दा बैंकमा प्राप्त हुने ब्याज कम रहेको अवस्थामा कम्पनी पूर्ण रुपमा सजग रहेर प्राइभेट इक्वीटीमा लगानि गरेको व्यहोरा अवगत गराउँनु भयो । सभाध्यक्ष बाट सभामा उठेका सवाल तथा जिज्ञाशाहरुको सम्बोधन पश्चात् कम्पनी का कम्पनी सचिवले कम्पनी ऐन, २०६३ बमोजिम सभा अगाडि बढाउनु भयो ।

१०. साधारण प्रस्ताव तर्फका निर्णयहरु :

(१) सामान्य प्रस्तावतर्फ :

(क) **अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

निर्णय :

आठौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री शिक्षा भट्टचनज्यूले राख्नु भएको मन्तव्य तथा आ.ब. २०८०/८१ को संचालक समितिको प्रतिवेदन सम्बन्धमा छलफल भई शेयरधनीहरुबाट सर्वसम्मतीले पारित गरियो ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु पारित गर्ने ।

निर्णय :

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को आर्थिक वर्ष २०८०/०८१ को वासलात,नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु उपर साधारणसभामा छलफल भई सर्वसम्मतीले पारित गरियो ।

(ग) कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्न सम्बन्धमा ।

निर्णय :

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण कार्यको लागी लेखापरीक्षक नियुक्ति गर्ने/निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा बिगत एक बर्ष देखी लेखा परिक्षण गर्दै आउनु भएको तथा कम्पनी ऐन,२०६३ को दफा १११ को उपदफा ३ बमोजीम आगामी बर्षका लागि पनि योग्य रहनुभएको हुँदा, N.B.S.M & Associates, काठमाडौं लाई निरन्तरता दिई लेखा परिक्षण शुल्क कर बाहेक रु ५,००,०००।- (पाँच लाख) तथा उपत्यका बाहिर यात्रा गर्दा यातायात खर्च, वास्तविक खर्च अनुसार र दैनिक भत्ता तथा आवास सुविधा प्रति व्यक्ति प्रतिदिन रू ३,००० (तीन हजार रुपैयाँ) हुनेगरी कम्पनीको आ.व. २०८१/८२ को बाह्य लेखा परिक्षकमा नियुक्त गर्ने पस्ताव उपर साधारणसभामा छलफल भई सर्वसम्मतीले पारित गरियो ।

(घ).संचालकहरुको नियुक्ति अनुमोदन गर्ने ।

निर्णय :

कम्पनीको मिति २०८१/०७/२३ को सर्कुलर नं. ९ बाट भएको निर्णय बमोजिम नियुक्त हुनुभएको स्वतन्त्र संचालक श्री ज्योती शेरचन (गौचन) को नियुक्ति अनुमोदन तथा सर्वसाधारण शेयरधनी श्री नेपाल होल्डींग प्रा.लि. ले आफ्नो प्रतिनिधि परिवर्तन गरी मनोनीत गर्नु भएको सञ्चालक श्री भावना वलायरको नियुक्ति अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

(ङ) प्रवन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरूले फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्न ।

निर्णय :

प्रवन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरूले फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्न सम्वन्धमा सभामा छलफल भई शेयरधनीहरुबाट सर्वसम्मतीले पारित गरियो ।

(२) विशेष प्रस्ताव:

(क). आ.व.२०८०/८१ को संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पुँजीको ८ प्रतिशतका दरले हुन आउने रकम बराबरको बोनस शेयर वितरण गर्ने तथा सो बापतको हुन आउने कर प्रयोजनको (कर लाग्ने भएमा) निमित्त ०.४२१ प्रतिशत को नगद लाभांश पारित गर्ने ।

निर्णय :

आ.व.२०८०/८१ को संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पुँजीको ८ प्रतिशतका दरले हुन आउने रकम बराबरको रु १०० अंकित कुल ३७,८०,४८० थान बोनस शेयर वितरण गर्ने तथा सो बापतको हुन आउने कर प्रयोजनको निमित्त ०.४२१ प्रतिशत को नगद लाभांश पारित गर्न बिशेष प्रस्ताव उपर सभामा छलफल भई सर्वसम्मतीले पारित गरियो ।

(ख) सातौं वार्षिक साधारण सभाबाट चुक्ता पूँजीको ७ प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय भएकोमा प्रस्तावित बोनस शेयर वितरण पश्चात नियामक निकायले तोकेको चुक्ता पूँजी कायम हुने भएकोले उक्त निर्णय रद्द गर्ने प्रस्ताव पारित गर्ने ।

निर्णय :

विशेष प्रस्तावको प्रस्ताव नं. २ उपर छलफल भई सातौं वार्षिक साधारण सभाबाट चुक्ता पूँजीको ७ प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय भएकोमा प्रस्तावित बोनस शेयर वितरण पश्चात नियामक निकाय श्री नेपाल बीमा प्राधिकरणले तोकेको चुक्त पूँजी पुग्ने भएकोले सातौं साधरण सभाबाट ७ प्रतिशत हकप्रद शेयर जारी गर्न भएको निर्णय रद्द गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

(ग) बोनश शेयर जारी पश्चात हुन आउने रु. ५,१०,३६,४८,००० बराबर चुक्ता पुँजी कायम गर्ने तथा सोही अनुसार प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

निर्णय :

प्रधान कार्यालय: कमलादी, काठमाण्डौं

बोनश शेयर वितरण पश्चात हुन आउने रु ५,१०,३६,४८,०००।- बराबर चुक्ता पूँजी कायम गर्ने तथा सोही अनुसार प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न बिशेष प्रस्ताव उपर छलफल भई सर्वसम्मतीले पारित गरियो ।

**(घ) कम्पनी ऐनको दफा १०५ (१) (ग) मा भएको व्यवस्था बमोजीम सस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम अनुमोदन गर्न सम्बन्धमा ।**

कम्पनी ऐनको दफा १०५ (१) (ग) मा भएको व्यवस्था बमोजीम सस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम रु. ३८,३८,७५०/-, प्रधानमन्त्री दैवी प्रकोप राहत उद्दार कोष मा रु.२५ लाख तथा फेवा डुङ्गा व्यवसायी संघ लाई ८५० थान लाइफ ज्याकेट वापतको रु. १३,३८,७५०, अनुमोदन गर्ने सम्बन्धमा सभमा छलफल भई प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**१०.विविध**

छलफलको लागी अन्य कुनै प्रस्ताव नरहेको ।

**११. धन्यवाद तथा बैठकको समापन**

सभामा अन्य कुनै प्रस्ताव नभएकोले अध्यक्षज्यूले उपस्थीत सबैलाई धन्यवाद ज्ञापन गर्दे सभा विर्सजन गर्नु भयो ।

**सभा सम्पन्न मितिः २०८२ साल जेष्ठ २६ गते सोमवार ।**

किशोर प्रसाद लामिछाने
कम्पनी सचिव

प्रधान कार्यालयः कमलादी, काठमाण्डौं

(शिक्षा भट्टचन)
अध्यक्ष
सञ्चालक समिति